संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-१४
२०८१ जेठ २९ गते, मङ्गलवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : ३:०७ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको चौधौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य कमला पन्त**ले शून्य समय र विशेष समयमा उठाएका विषयहरूलाई सरकारले सचेत भएर जवाफ दिने परिपाटीको विकास हुनुपर्ने बताउनुभयो।

**माननीय सदस्य कृष्ण प्रसाद पौडेल**ले देशका विभिन्न स्थानमा बाढीपहिरोले जनधनको क्षति पुऱ्याएको बताउँदै सरकारको ध्यानाकृष्ट गराउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमल्सिना**ले सानो र ठुलो गरी देशमा ५६ वटा विमानस्थल रहेको बताउँदै सबै विमानस्थलको उचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य दुर्गा गुरुङ**ले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा विद्युत् तथा खानेपानीको समस्या रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले मनसुन सक्रिय भएसँगै देशका विभिन्न स्थानमा बाढीपहिरोले क्षति पुऱ्याएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले देशमा कृषिजन्य वस्तुहरूको उत्पादन बढी भए तापनि उत्पादित वस्तुहरूको व्यवस्थापन नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले रुसी सेनामा रहेका नेपाली युवाहरूको जीवन रक्षा र सकुशल उद्धार गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य युवराज शर्मा**ले विद्यमान अवस्थामा सहकारी, बिमा र बैङ्किङ क्षेत्रमा देखिएको समस्याबारे सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य झक्कु प्रसाद सुवेदी**ले कृषि लगानी दशक घोषणा निकै नै महत्त्वपूर्ण विषय रहेको बताउँदै कार्यान्वयन पक्षमा सरकारको ध्यानाकर्षण गराउनुभयो। संविधान बलिदान र सङ्घर्षले बनेको बताउँदै गणतन्त्र, संघीयता, धर्म निरुपेक्षता, समानुपातिक पद्धति तथा समावेशिताको रक्षाको लागित निरन्तर सङ्घर्ष गर्नुपर्ने कुरामा जोड दिनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले संविधानमा मौलिक हकको व्यवस्था भए तापनि कार्यान्वयन नभएको बताउनुभयो। दिनहुँ सरकार परिवर्तन भएको बताउँदै निर्वाचन पद्धति संशोधनमा ध्यान दिनुपर्ने बताउनुभयो। विद्युत्, पर्यटन र कृषि क्षेत्रको विकासका सम्बन्धमा सम्बन्धित मन्त्रालयको ध्यान नगएको बताउँदै राष्ट्रिय गौरवको आयोजनामा सरकारको ध्यानाकृष्ट गराउनुभयो। बजेट वितरणको सन्दर्भमा समानुपातिक ढङ्गले नभएको बताउँदै सम्बन्धित मन्त्रीलाई ध्यानाकर्षण गराउनुभयो। देशका विभिन्न अस्पतालमा रहेका उपकरणहरूको उपयोग नभएको बताउँदै स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउँदै सरकारी विद्यालयहरूको शिक्षाको स्तर राम्रो नभएको बताउनुभयो। सिंहदरबारभित्र निर्माणाधीन रहेको संसद भवन समयमा सम्पन्न नभएको बताउनुभयो।

**माननीय सदस्य सोनाम गेल्जेन शेर्पा**ले जलवायु परिवर्तनसँगै हिमाल, पहाड पग्लेर कालो पहाडमा परिणत भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सगरमाथा आरोहणमा पर्यटकको आकर्षण बढेको, फोहरको व्यवस्थापनमा कमी रहेको बताउँदै सगरमाथा आरोहणको उचित व्यवस्थापन र वातावरण संरक्षणबारे सरकारको ध्यानाकृष्ट गराउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले कर्णाली प्रदेशमा भूकम्पले क्षतिग्रस्त बनाएका भौतिक संरचनाको पुनर्निर्माणबारे सरकारको ध्यानाकर्षण गराउँदै पुनर्निर्माणका लागि बजेट सिधै पालिकामा पठाउने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। सम्भावित बाढीपहिरो र महामारीजन्य रोगको रोकथामका लागि पूर्व तयारी गर्नुपर्ने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा**ले कालीकोटको विभिन्न गाउँपालिकामा कार्यकारी प्रमुख एवम् लेखापाल नभएको बताउँदै जनताले उचित सेवा सुविधा नपाएको बताउनुभयो। कर्णाली प्रदेशको दैलेख जिल्ला र सुदूरपश्चिमको बिचमा रहेको झोलुङ्गे पुलमा भएको दुर्घटनाबारे सरकारको ध्यानाकर्षण गराउँदै खाद्यान्न ढुवानीलगायत विद्यालय जान समस्या भएको विषयप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनी**ले देशमा महङ्गी बढेको बताउँदै महङ्गी नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो। गरिबीका कारण नेपाली जनताले उचित स्वास्थ्य उपचार

नपाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। कान्तिपथ राजमार्गको बाटो समयमै सम्पन्न हुन नसकेको र काठमाडौँका विभिन्न स्थानमा सडकको उचित व्यवस्थापन नभएको कुराप्रति सरकारको ध्यानाकृष्ट गराउनुभयो। डढेलोबाट देशका विभिन्न स्थानमा जनधनको क्षति भए तापनि सरकारको ध्यान नगएको कुरा बताउनुभयो।

**माननीय सदस्य सुमित्रा बि.सी.**ले सल्यान, जाजरकोट र रुकुम जिल्लाका भूकम्प पीडित जनताहरूलाई सरकारले राहतस्वरूप किस्ता दिने भनिए तापनि पीडितहरूले किस्ता नपाएको कुरा बताउँदै उक्त क्षेत्रको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सुर्खेतमा खानेपानीको समस्या भएको बताउँदै कोहोलपुर सुर्खेत सडकलाई व्यवस्थापन गर्ने भनिए तापनि उक्त सडकको व्यवस्थापन नभएको बताउनुभयो। सुर्खेतको वीरेन्द्रनगर विमानस्थलमा भौतिक पूर्वाधार निर्माण गर्नका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो। घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई उचित बजेटको व्यवस्थापन गरेर समयमै सम्पन्न गर्नुपर्नेमा विशेष जोड दिनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले जलवायु परिवर्तनसँगै हिमाल तथा पहाड प्रदूषण भएको बताउँदै मौसममा समेत असर परेकोले जनताले विभिन्न किसिमका समस्याहरू भोगिरहेको कुरा बताउनुभयो। देशका विभिन्न स्थानका सडकहरू निर्माणाधीन अवस्थामा रहेको बताउँदै उक्त कार्यलाई समयमा नै सम्पन्न गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। हाम्रो देश कृषि प्रदान देश भनिए तापनि कृषिजन्य वस्तुहरू बाह्य मुलुकबाट आयात गर्नुपरेको कुरा बताउनुभयो। लाखौं नेपाली युवा शक्तिहरू विदेशिएको कुरा बताउँदै हाम्रो देश विभिन्न प्राकृतिक स्रोतले धनी भए तापनि उक्त स्रोत साधनलाई उचित ढङ्गले उपयोग गर्न नसकेको बताउनुभयो।मानव बेचबिखन विरुद्धको मुद्दा शाखामा न्यून मुद्दा दर्ता भएको कुरा बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य उर्मिला अर्याल**ले कर्णाली र सुदूरपश्चिम जोड्ने झोलुङ्गे पुलको लठ्ठा भाचिएर निम्तिएको दुर्घटनाबारे सरकारको ध्यानाकर्षण गराउँदै त्यसले विभिन्न किसिमको समस्या निम्त्याएको कुरा राख्नुभयो। देशका विभिन्न स्थानमा पुलहरू निर्माणाधीन अवस्थामै अलपत्र रहेको कुरा बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। भौतिक पूर्वाधार मन्त्रालयले संवेदनशील र अति आवश्यकता भएका ठाउँको अवस्था र त्यसबाट प्राप्त गर्न सक्ने प्रतिफल एवम् आर्थिक विकाससँग जोडिएका सडक सञ्जाललाई प्राथमिकतामा राखेर योजनाहरू ल्याउनुपर्नेमा जोड दिनुभयो। सडक निर्माणको ठेक्का लिने तर निर्माण पूरा नगर्ने उच्च ओहदामा पुग्ने जिम्मेवारी पूरा नगर्नेको प्रतिवेदन तयार गरी सूची र विवरणसहितको सदनमा जानकारी गराउन माग गर्नुभयो। बहुआयामिक प्रतिफल दिने गरी योजनाहरू निर्माणलाई प्राथमिकता दिनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "राष्ट्रिय मानव अधिकार आयोगको

२३ औं वार्षिक प्रतिवेदन, २०७९/८० र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०७९/८० सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री वर्षमान पुनलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०"** माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. माननीय सदस्य देवेन्द्र दाहाल
२. माननीय सदस्य कमला पन्त

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०"** माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्री वर्षमान पुनलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, माननीय अध्यक्षले "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लिखित संशोधनहरू "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू **"सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको देहायबमोजिमको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

<u>“प्रस्तावनाः</u> सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **“सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन**, **२०८१”** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **“सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक**, **२०८० को अङ्ग बनोस्”** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री वर्षमान पुनलाई **“सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० लाई पारित गरियोस्”** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल असार ४ गते मङ्गलवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव